**पोखरा विश्वविद्यालय**
**स्नातक तहको छात्रवृत्तिसम्बन्धी सूचना**
**(प्रकाशित मिति : २०८३/०२/२६ गते मङ्गलबार)**
**(पोखरा विश्वविद्यालयको वेभसाइटमा)**

पोखरा विश्वविद्यालयका आङ्गिक, संयुक्त आङ्गिक र सम्बन्धन प्राप्त स्कूल तथा कलेजहरूमा पोखरा विश्वविद्यालय छात्रवृत्ति सम्बन्धि नियमावली, २०६५ बमोजिम निःशुल्क छात्रवृत्ति अध्ययनका लागि खुला प्रतियोगिताबाट उम्मेदवार छनोट गर्नुपर्ने भएको हुँदा निम्न योग्यता पुगेका नेपाली नागरिकहरूबाट दरखास्त आह्वान गरिएको छ । विश्वविद्यालयलाई प्राप्त हुनजाने छात्रवृत्ति कोटाहरू मध्ये स्थानिय छात्रवृत्ति र शिक्षक तथा कर्मचारी सन्तति छात्रवृत्तिको कोटा बाहेक ६० प्रतिशत कोटा खुला र ४० प्रतिशत कोटा **अपाङ्ग, सहिद, जनआन्दोलन घाइते पीडित तथा जेन्जी आन्दोलन घाइते तथा अपाङ्ग भएका व्यक्ति, दुर्गम, दलित, जनजाति र मधेसी समुदायलाई** सुरक्षित गरिने छ । खुला र आरक्षित दुवै प्रकारका छात्रवृत्ति कोटामा **महिलाहरूका लागि ५०/५० प्रतिशत छात्रवृत्ति कोटा** सुरक्षित गरिनेछ। **पोखरा विश्वविद्यालयको छात्रवृत्ति सम्बन्धि नियमावली, २०६५ अनुसार विश्वविद्यालयलाई प्राप्त हुन जाने निःशुल्क छात्रवृत्ति कोटामा सार्वजनिक विद्यालयमा कम्तीमा** (क) **कक्षा ६ देखि कक्षा १० सम्म अध्ययन गरेका, नियम** (१३)(२) **अनुसारको योग्यताक्रम सूचि (Merit List) मा समावेश भएका, अनलाइन माध्यमबाट अनुसूचि-४ को फाराम भरेका उम्मेदवारहरुलाई मात्र नियमानुसार छात्रवृत्तिमा छनोट गरी प्रथम छात्रवृत्ति सूचि (First Awarded List) प्रकाशित** गरिनेछ। (ख) **उल्लेखित** (क) **बमोजिमको छात्रवृत्ति वितरण गरिसके पश्चात पनि छात्रवृत्ति सिट बाँकी रहेमा अनुसूचि-४ को अनलाइन फाराम भरेका तर छात्रवृत्ति प्राप्त गरिनसकेका सार्वजनिक विद्यालयका उम्मेदवारहरुलाई रिक्त हुन आएको सिट जुन लिङ्ग (Gender) र छात्रवृत्तिको प्रकार (Scholarship Type) हो सोही लिङ्ग (Gender) र छात्रवृत्तिको प्रकार (Scholarship Type) को उम्मेदवारलाई छात्रवृत्ति वितरण गर्न दोस्रो छात्रवृत्ति सूचि (Second Awarded List) प्रकाशित** गरिनेछ । **यसरी उल्लेखित** (क) र (ख) **बमोजिमको छात्रवृत्ति वितरण गरिसकेपछि पनि कोटा रिक्त रहेमा सार्वजनिक तथा संस्थागत विद्यालयमा अध्ययन गरी एसईई. वा एसएलसी उत्तीर्ण गरेका योग्यताक्रम सूचिमा समावेश भएका उम्मेदवारहरुलाई अनुसूचि-४ को अनलाइन फाराम भराई सोही फारामका आधारमा नियमानुसार खुल्ला छात्रवृत्ति सरह तेस्रो छात्रवृत्ति सूचि (Third Awarded List) प्रकाशित** गरिनेछ । **तेस्रो छात्रवृत्ति सूचि (Third Awarded List) प्रकाशित गरिसकेपछि संचालनमा रहेको छात्रवृत्ति वितरण र भर्नाका सबै प्रक्रिया अन्त्य हुनेछ।**

साथै सार्वजनिक विद्यालय (कम्तीमा कक्षा ६ देखि कक्षा १० सम्म अध्ययन गरेका बाहेक) र संस्थागत विद्यालयमा अध्ययन गरि एसईई वा एसएलसी उत्तिर्ण गरेका उम्मेदवारहरुले तोकिएको कागजातहरु बाहेक कुनै पनि प्रकारका सिफारिस पत्र पेस गर्नुपर्ने छैन । उम्मेदवारहरुबाट प्रत्येक सङ्कायका लागि तोकिएको दरखास्त दस्तुर **पोखरा विश्वविद्यालय केन्द्रिय कार्यालयको नाममा रहेको तपशिल बमोजिमको बैंक खातामा जम्मा** गरी बैंक भौचरमा अनिवार्य रूपमा Transaction ID राखी अनलाइन दरखास्त फाराम सँगै पेस गर्नुपर्नेछ। Transaction ID बैंक भौचरमा बैंकले राखिदिने छन्। Transaction ID बैंकले उल्लेख गरेको छ छैन भन्ने कुरा सम्बन्धित उम्मेदवारहरुले बैंक भौचरको प्रतिलिपि लिदा अनिवार्य चेक गर्नुपर्नेछ। Phone Pay or e-Sewa मार्फत पनि तोकिएको दरखास्त दस्तुर भुक्तानी गर्न सकिनेछ । भुक्तानी गरिएको रकमको भौचर वा स्कीनसट र Transaction ID अनिवार्य अनलाइन दरखास्त फाराम भर्दा उल्लेख भएको र समावेश गरिएको हुनुपर्नेछ।

| S.N. | Bank Name | A/c Holder's Name | A/c Number | Branch |
|---|---|---|---|---|
| 1 | Kamana Sewa Bikas Bank Ltd. | Pokhara University Central Office | 01700300024568000015 | Dhungepatan |
| 2 | Nepal Bank Ltd. | Pokhara University | 25700107310095000001 | Talchowk |

**१. छात्रवृत्तिको प्रकारः-**
**क)** खुल्ला छात्रवृत्ति **ख)** स्थानीय छात्रवृत्ति **ग)** दलित छात्रवृत्ति **घ)** जनजाति छात्रवृत्ति **ङ)** दुर्गम छात्रवृत्ति **च)** अपाङ्ग, सहिद, जनआन्दोलन घाइते पीडित तथा जेन्जी आन्दोलन घाइते तथा अपाङ्ग भएका व्यक्ति* छात्रवृत्ति **छ)** शिक्षक कर्मचारी सन्तति छात्रवृत्ति र **ज)** मधेसी समुदाय छात्रवृत्ति ।

* जेन्जी ( GenZ) प्रदर्शनमा घाइते तथा अपाङ्ग भएको व्यक्ति वा निजको परिवारको सदस्यका छात्रवृत्तिका हक्मा पोखरा विश्वविद्यालयको आगामी सभाबाट निर्णय भए बमोजिम हुनेछ ।

## २. छात्रवृत्ति उपलब्ध हुने कार्यक्रम:

### २.१ व्यवस्थापन सङ्काय अन्तर्गत

1. Bachelor of Business Administration (BBA) 2. Bachelor of Business Administration (Finance) (BBA-Finance) 3. Bachelor of Computer System and Information Technology (BCSIT) 4. Bachelor of Health Care Management (BHCM) 5. Bachelor of Hotel Management (BHM) 6. Bachelor of Business Administration in Travel and Tourism (BBA-TT)

### २.२ विज्ञान तथा प्रविधि सङ्काय अन्तर्गत

**समूह (क)** 1. Bachelor of Computer Engineering (BE Computer) 2. Bachelor of Architecture (B. Arch।) 3. Bachelor of Civil Engineering (BE Civil) 4. Bachelor of Civil and Rural Engineering (BE Civil and Rural) 5. Bachelor of information and Communication Engineering (BICE.) 6. Bachelor of Software Engineering (BE Software) 7. Bachelor of Engineering in Information Technology (BE IT) 8. Bachelor of Electrical and Electronics Engineering (BE Ele. and Elx.) 9. Bachelor of Civil Engineering for Diploma Holders 10. Bachelor of Mechanical Engineering (BE Mechanical)

**समूह (ख)** 1. Bachelor of Computer Application (BCA) 2. Bachelor of Science in Environmental Science and Management (B.Sc. Env. Sci & Mgmt.) 3. Bachelor of Artificial Intelligence and Data Science (BAIDS)

### २.३ मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत

**समूह (क)** 1. Bachelor of Development Studies (BDEVS) 2. Bachelor of Entrepreneurship Development (BED)
**समूह (ख)** Bachelor of English and Communication Studies (BECS)
**समूह (ग)** Bachelor of Arts Bachelor of Laws (BALLB)

**३. सार्वजनिक विद्यालयमा कम्तीमा कक्षा ६ देखि कक्षा १० सम्म अध्ययन गरी एसईई वा एसएलसी उत्तिर्णगर्ने उम्मेदवारहरूले अनलाइन दरखास्त फाराम भर्दा निम्न बमोजिमका योग्यता, सर्तहरू पूरागरी दरखास्तसँगै देहायका कागजातहरू पेस गर्नुपर्ने छ :**

(क) नेपाली नागरिकताको प्रमाणपत्र,
(ख) सार्वजनिक विद्यालयमा कम्तीमा कक्षा ६ देखि कक्षा १० सम्म अध्ययन गरी एसईई वा एसएलसी उत्तीर्ण गरेको भनि अनुसूचि-२ को फाराममा एसईई वा एसएलसी उत्तीर्ण गरेको सम्बन्धित विद्यालयको प्रधानाध्यापकले र सम्बन्धित स्थानिय निकायको शिक्षा प्रमुखले सिफारिस गरेको सिफारिस पत्र,
(ग) एसईई वा एसएलसी वा सो सरहको परीक्षा उत्तीर्ण गरेको लब्धाङ्कपत्र र चारित्रिक प्रमाणपत्र,
(घ) प्रमाणपत्र तह वा कक्षा १२ तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको लब्धाङ्कपत्र र चारित्रिक प्रमाणपत्र,
(ङ) A-Level वा अन्य परीक्षा बोर्डबाट उत्तीर्ण गरेकाहरूले पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुरबाट उपलब्ध गराइएको समकक्षताको (Equivalency Certificate) प्रमाणपत्र,
(च) इन्जिनियरिङ् कार्यक्रम अध्ययन गर्ने उम्मेदवारहरुले सो सँग सम्बन्धित काउन्सिलको प्रमाणपत्र,
(छ) अपाङ्गले राष्ट्रिय अपाङ्ग महासंघ वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट अपाङ्ग भनी उपलब्ध गराएको सिफारिस पत्र,
(ज) दुर्गम क्षेत्र आरक्षण सिटका लागि दरखास्त दिने उम्मेदवारहरूले दुर्गम जिल्ला/क्षेत्रहरू (**अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला**) मा स्थायी बसोबास गरी सोही जिल्ला/क्षेत्रहरूको सार्वजनिक विद्यालयमा कम्तीमा कक्षा ६ देखि कक्षा १० सम्म अध्ययन गरी एसईई वा एसएलसी परीक्षा उत्तीर्ण गरेको भनी सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट, सम्बन्धित पालिकाबाट वा वडा कार्यालयबाट उपलब्ध गराएको सिफारिस पत्र,
(झ) जनजातिले आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान वा सम्बन्धित स्थानीय तहबाट आदिवासी/जनजाति भनी उपलब्ध गराएको सिफारिस पत्र,
(ञ) दलितले दलित राष्ट्रिय आयोग वा सम्बन्धित स्थानीय तहबाट दलित जाति भनी उपलब्ध गराएको सिफारिस पत्र,
(ट) मधेसी समुदायका व्यक्तिले सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट मधेसी भनी उपलब्ध गराएको सिफारिस पत्र,

(ठ) वेपत्ता पारिएका व्यक्ति वा सहिद परिवार तथा घाइते वा निजको सन्ततिले गृह मन्त्रालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट उपलब्ध गराएको सिफारिस पत्र तथा जेन्जी (GenZ) प्रदर्शनमा घाइते तथा अपाङ्ग भएको व्यक्ति वा निजको परिवारको सदस्यले सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट उपलब्ध गराएको परिचय पत्र,

(ढ) छात्रवृत्तिको लागि तोकिएको योग्यताको न्यूनत्तम तह विश्वविद्यालयबाट वा मान्यताप्राप्त शैक्षिक संस्थाबाट उत्तिर्ण भएको मितिले ३ वर्ष भन्दा बढी अवधि (शैक्षिक प्रमाण पत्रमा उल्लेख गरिएको दरखास्त लगाउने अन्तिम दिनसम्म) नपुगेकाले मात्र दरखास्त पेश गर्न सक्नेछन् । तर शैक्षिक प्रमाण पत्रमा Completion Date (Year-Month-Date) प्रष्ट नखुलेको अवस्थामा सम्बन्धित परीक्षाबोर्ड/परीक्षा नियन्त्रण कार्यालयले नै Completion Date (Year-Month-Date) खुलाएको प्रमाणित कपी सम्बन्धित उम्मेदवारले अनिवार्य दरखास्तसाथ पेश गर्नुपर्नेछ ।

**पोखरा विश्वविद्यालयबाट स्नातकतहमा भर्ना पाउँनकालागि तोकिएको न्यूनतम शैक्षिक योग्यता :**

| सङ्काय | कार्यक्रम | न्यूनतम मापदण्ड | |
|---|---|---|---|
| | | कक्षा ११ र कक्षा १२ या सो सरहको तहमा अक्षराङ्कन पद्धतिअनुसार | कक्षा ११ र कक्षा १२ या सो सरहको तहमा अङ्क पद्धतिअनुसार |
| व्यवस्थापन | स्नातक तहका सबै कार्यक्रमहरू | (१) NEB बाट २०७८ सालसम्म SLCE (कक्षा १२) उत्तिर्ण गरेका विद्यार्थीहरुकालागि न्यूनतम CGPA 1.8 तथा कक्षा ११ र १२ का प्रत्येक विषयमा न्यूनत्तम Grade "D+" हुनुपर्नेछ ।<br>(२) NEB बाट २०७९ साल र त्यसपछि SLCE (कक्षा १२) उत्तिर्ण गरेका विद्यार्थीहरुकालागि न्यूनतम CGPA 1.8 तथा कक्षा १२ का प्रत्येक विषयमा न्यूनत्तम Grade "D" हुनुपर्नेछ । | तह उत्तीर्ण (पास) |
| विज्ञान तथा प्रविधि (क) | सबै Engineering कार्यक्रमहरू | • The candidates should have completed SLCE (Class 12) examination of NEB or equivalent level from a recognized academic institution.<br>• The candidates should have studied at least one course (having at least 100 full marks or 5 credits) each in Physics, Chemistry and Mathematics.<br>• The candidates should have scored a minimum of 45% or a CGPA/GPA of 2.0 (in a scale of 4.0) and at least Grade C (in case of A-Level, at least Grade D) or 45% in each subject (Physics, Chemistry, and Mathematics). The minimum criteria of Grade C (in case of A-Level, Grade D) or 45% does not apply to other courses or extra courses, if any.<br>• Candidates should have studied mathematics of at least 100 marks in SLCE (Class 11 or Class 12) examination of NEB or equivalent level. | न्यूनतम दोस्रो श्रेणी (४५ प्रतिशत अङ्क प्राप्त गरेको) साथै फिजिक्स, क्यामेष्ट्री र म्याथ प्रत्येकमा पनि ४५ प्रतिशत अङ्क प्राप्त गरेको हुनुपर्ने छ । |
| विज्ञान तथा प्रविधि (ख) | Bachelor of Science in Environmental Management | • The candidates should have completed SLCE (Class 12) examination of NEB or equivalent level in Science and Technology stream such as Forestry/Agriculture/Veterinary/Engineering from a recognized academic institution.<br>• The candidates should have scored a minimum CGPA/GPA of 2.0 (in a scale of 4.0) and at least Grade C (in case of A-Level, at least Grade D) in the following subjects.<br>- Physics<br>- Chemistry or Environment related subjects, e.g., Environmental Management, Pollution, etc.<br>- Mathematics or Biology or Zoology or Botany or Computer Science. | न्यूनतम दोस्रो श्रेणी (४५ प्रतिशत अङ्क प्राप्त गरेको) साथै तल उल्लेखित विषयहरुमा न्यूनत्तम ४५ नम्बर प्राप्त गरेको<br>• Physics<br>• Chemistry or Environment related subjects, e.g., Environmental |

| | | | |
|---|---|---|---|
| | | | Management, Pollution, etc.<br>• Mathematics or Biology or Zoology or Botany or Computer Science. |
| | Bachelor of Computer Application/ Bachelor of Artificial Intelligence and Data Science | • The candidates should have completed SLCE (Class 12) examination of NEB or equivalent level from a recognized academic institution.<br>• The candidates should have studied a course (having at least 100 full marks or 5 credits) of Mathematics (Mathematics/ Business Mathematics / Applied Mathematics) or Computer Science/Computer Application in SLCE (Class 11 or Class 12) examinations of NEB or equivalent level.<br>• The candidates should have scored a minimum CGPA/GPA of 2.0 (in a scale of 4.0) and at least Grade C (in case of A-Level, at least Grade D) in Mathematics/Computer Science. The minimum criterion of Grade C (in case of A-Level, Grade D) does not apply to other courses. | न्यूनतम दोस्रो श्रेणी (४५ प्रतिशत अङ्क प्राप्त गरेको) हुनुपर्ने साथै तल उल्लेखित विषयहरुमा न्यूनतम ४५ नम्बर प्राप्त गरेको Mathematics/ Computer Science |
| मानविकी तथा सामाजिक शास्त्र संकाय समूह (क) | Bachelor of Development Studies (BDEVS), Bachelor of Entrepreneurship Development (BED) | (१) NEB बाट २०७८ सालसम्म SLCE (कक्षा १२) उत्तिर्ण गरेका विद्यार्थीहरुकालागि कक्षा ११ र १२ मा छुट्टाछुट्टै Grade "D+" हुनुपर्नेछ ।<br>(२) NEB बाट २०७९ साल र त्यसपछि SLCE (कक्षा १२) उत्तिर्ण गरेका विद्यार्थीहरुकालागि कक्षा १२ मा Grade "D" हुनुपर्नेछ । | तह उत्तीर्ण (पास) |
| मानविकी तथा सामाजिक शास्त्र संकाय समूह (ख) | Bachelor of English and Communication Studies (BECS) | (१) NEB बाट २०७८ सालसम्म SLCE (कक्षा १२) उत्तिर्ण गरेका विद्यार्थीहरुकालागि कक्षा ११ र १२ मा छुट्टाछुट्टै Grade "D+" हुनुपर्नेछ ।<br>(२) NEB बाट २०७९ साल र त्यसपछि SLCE (कक्षा १२) उत्तिर्ण गरेका विद्यार्थीहरुकालागि कक्षा १२ मा Grade "D" हुनुपर्नेछ । | तह उत्तीर्ण (पास) |
| मानविकी तथा सामाजिक शास्त्र संकाय समूह (ग) | Bachelor of Arts Bachelor of Laws (B.A.LL.B) | The candidates should have completed SLCE (Class 12) examination of NEB or equivalent level from a recognized academic institution with a minimum C+ Grade in aggregate, CGPA/GPA of 2.4 (in a scale of 4.0) | न्यूनतम ५० प्रतिशत अङ्क प्राप्त गरेको हुनुपर्ने छ । |
| **नोट : Practical र Theoretical परीक्षा हुने विषयका हकमा Aggregate Grade(Final Grade) लाई आधार मानिने छ ।** | | | |

३. **सार्वजनिक विद्यालय (कक्षा ६ देखि कक्षा १० सम्म अध्ययन गरेका बाहेक) वा संस्थागत विद्यालयमा अध्ययन गर्ने उम्मेदवारहरूले दरखास्तसाथ देहायका कागजातहरू पेस गर्नुपर्ने छ :**

(क) नेपाली नागरिकताको प्रमाणपत्र,
(ख) एसईई वा एसएलसी वा सो सरहको परीक्षा उत्तीर्ण गरेको लब्धाङ्कपत्र र चारित्रिक प्रमाणपत्र,
(ग) प्रमाणपत्र तह वा कक्षा १२ वा सो सरहको परीक्षा उत्तीर्ण गरेको लब्धाङ्कपत्र र चारित्रिक प्रमाणपत्र,
(घ) A-Level वा अन्य परीक्षा बोर्डबाट उत्तीर्ण गरेकाहरूले पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुरबाट उपलब्ध गराइएको समकक्षताको (Equivalency Certificate) प्रमाणपत्र,

**३.१ स्थानिय छात्रवृत्तिको लागि :**

स्थानिय छात्रवृत्तिका लागि विश्वविद्यालयका आङ्गिक तथा संयुक्त आङ्गिक कार्यक्रमहरूमा आवेदन गर्ने उम्मेदवारहरू कास्की जिल्लाको पोखरा महानगरपालिका, मोरङ जिल्लाको उर्लाबारी नगरपालिका र ललितपुर जिल्लाको ललितपुर महानगरपालिका क्षेत्रभित्र स्थायी रूपमा बसोबास गर्ने भनि पोखरा महानगरपालिका, उर्लाबारी नगरपालिका वा ललितपुर महानगरपालिका वा सम्बन्धित वडा कार्यालयबाट उपलब्ध गराएको सिफारिस पत्र पेश गर्नुपर्नेछ । मेरिट लिष्टमा समावेश हुने स्थानिय छात्रवृत्तिका आवेदक उम्मेदवारहरुमध्ये सबैभन्दा बढी अङ्क प्राप्त गर्ने एकजनालाई एउटा कार्यक्रममा स्थानिय छात्रवृत्ति प्रदान गरिनेछ र बाँकी आवेदकहरुको हकमा मेरिटका आधारमा नियमानुसार खुला छात्रवृत्तिमा समावेश गरिनेछ ।

| School /College | Programs Offered | Quota | Elligible Candidate |
|---|---|---|---|
| School of Business, Pokhara | BBA, BBA (Finance) | One in each program | Pokhara Metropolitan City |
| School of Engineering, Pokhara | BE Civil, BE Electrical and Electronics, BE Computer, BE Mechanical, BE Software, BE IT | One in each program | Pokhara Metropolitan City |
| School of Development and Social Engineering, Pokhara | BECS, BALLB, BED, BDEVS | One in each program | Pokhara Metropolitan City |
| Madan Bhandari Memorial Academy Nepal, Urlabari | BE Computer, BE Civil, B. Architecture | One in each program | Urlabari Municipality |
| Shramik Shanti College, Lalitpur | BALLB, BCSIT, BAIDS | One in each program | Lalitpur Metropolitan City |

**३.२ शिक्षक तथा कर्मचारी सन्तती छात्रवृत्तिको लागी :**

शिक्षक तथा कर्मचारी सन्तति छात्रवृत्ति कोटा अन्तर्गत छात्रवृत्ति दरखास्त फाराम भर्दा उम्मेदवारहरुले आफ्नो अभिभावक (**पोखरा विश्वविद्यालयमा कार्यरत बुबा वा आमा**) सँगको नाता प्रमाणित गरेको कागजातको सिफारिस पत्र र अभिभावकलाई **पोखरा विश्वविद्यालयले दिएको नियुक्ति पत्र** पेश गर्नुपर्नेछ ।

**४. अनलाइन दरखास्त फाराम अस्थायी (Provisional) रुपमा भर्न पाउने सम्बन्धमा :**

सार्वजनिक विद्यालयमा कम्तीमा कक्षा ६ देखि कक्षा कक्षा १० सम्म अध्ययन गरी एसईई वा एसएलसी उत्तिर्ण गर्ने उम्मेदवारहरूले स्नातक तहको छात्रवृत्तिको लागि आवेदन गर्दा सो भन्दा अघिल्लो तहको अन्तिम वर्ष, सेमेष्टरको परीक्षाफल प्रकाशित नभएको वा भएता पनि ट्रान्सक्रिप्ट/चारित्रिक प्रमाणपत्र वा अन्य कागजात पेश गर्न नसक्ने अवस्था भएमा देहायमा उल्लेख भएका योग्यता, सर्त र कागजातहरुका आधारमा पनि अस्थायी (Provisional) रुपमा आवेदन दिन सकिनेछ :-

(क) माथि बुदाँ नं. ३ मा उल्लेख भएको (ग) बाहेकको आवश्यक सबै योग्यता, सर्त र कागजातहरु अनलाइन दरखास्त फारामका साथ पेश गर्नुपर्नेछ ।

(ख) उम्मेदवारले कक्षा ११ उत्तिर्ण गरेको मार्कसीट पेश गर्नुपर्ने छ ।

(ग) उम्मेदवारले कक्षा १२ को परीक्षाफल प्रकाशित भइ परीक्षा उत्तिर्ण गरेको मार्कसीट प्राप्त गरिसकेको भए उत्तिर्ण गरेको मार्कसीट, परीक्षा उत्तिर्ण गरेको तर मार्कसीट प्राप्त गरिनसकेको वा परीक्षाफल प्रकाशित नभएको भए कक्षा १२ को परीक्षा दिएको प्रवेशपत्र पेश गर्नुपर्ने छ ।

**नोटः** अनलाइन दरखास्त फारम भर्ने उम्मेदवारहरुले कक्षा १२ उत्तिर्ण गरेको ट्रान्सक्रिप्ट र चारित्रिक प्रमाणपत्र पेश गर्नुपर्नेछ । यदि फारम भर्ने बेला कक्षा १२ को परीक्षाफल प्रकाशित नभएको भए , परीक्षाफल प्रकाशित भएर पनि ट्रान्सक्रिप्ट र चारित्रिक प्रमाणपत्र सम्बन्धित निकायबाट उपलब्ध नगराएको भए , यदि उम्मेदवारहरुले ट्रान्सक्रिप्ट र चारित्रिक प्रमाणपत्र पाउन प्रक्रिया गरेर पनि पाइनसकेको भए वा ट्रान्सक्रिप्ट र चारित्रिक प्रमाणपत्रकोलागि प्रक्रिया गर्ने भएता पनि त्यस्ता उम्मेदवारहरुले समेत अनलाइन दरखास्त फारम भर्न तोकिएको समयभित्र माथि बुदा नं. ४ को (ख) र (ग) बमोजिम भर्न पाउनेछन । तर दरखास्त फारम भर्दा कक्षा १२ को ट्रान्सक्रिप्ट र चारित्रिक प्रमाणपत्र बुझाउन नसकेकाहरुले छात्रवृत्ति छनौट समितिबाट पास लिष्ट प्रकाशित गरिदा उक्त पास लिष्टमा समावेश भएका उम्मेदवारहरुले मात्र समितिबाट सूचनामा तोकिएको समयभित्र कक्षा १२ उत्तिर्ण भएको ट्रान्सक्रिप्ट र चारित्रिक प्रमाणपत्र अनिवार्य रुपले अनलाइन मार्फत पेश गर्नुपर्नेछ । अन्यथा ट्रान्सक्रिप्ट र चारित्रिक प्रमाणपत्र नबुझाउने उम्मेदवारहरु प्रकाशित पास लिष्टमा समावेश भएको भएपनि बाँकी छात्रवृत्ति प्रक्रियामा समावेश हुन पाउने छैनन् ।

**४.१ सार्वजनि विद्यालय (कक्षा ६ देखि कक्षा १० सम्म अध्ययन गरेका बाहेक) वा संस्थागत विद्यालयमा अध्ययन गरी एसईई वा एसएलसी उत्तिर्ण गर्ने उम्मेदवारहरूले**

(क) माथि बुदाँ नं. ४ मा उल्लेख भएको (ख) र (ग) का आवश्यक सबै योग्यता, सर्त र कागजातहरु अनलाइन दरखास्त फारामका साथ पेश गर्नुपर्नेछ ।

(ख) A-Level वा अन्य परीक्षा बोर्डबाट उत्तीर्ण गरेकाहरूले पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुरबाट उपलब्ध गराइएको समकक्षताको (Equivalency Certificate) प्रमाणपत्र,

**५. दरखास्त दस्तुरः** छात्रवृत्ति कार्यक्रममा भागलिने सबै उम्मेदवारहरुले देहाय बमोजिमको आवेदन दस्तुर बुझाउनु पर्नेछ :

| | |
|---|---|
| १) विज्ञान तथा प्रविधि संकाय समूह (क) को लागि शुल्क | रु. १८००।-(अक्षेरुपी एक हजार आठसय मात्र) |
| २) विज्ञान तथा प्रविधि संकाय समूह (ख) को लागि शुल्क | रु. १७००।-(अक्षेरुपी एक हजार सातसय मात्र) |
| ३) व्यवस्थापन संकायको लागि शुल्क | रु. १६००।-(अक्षेरुपी एक हजार छसय मात्र) |
| ४) मानविकी तथा सामाजिकशास्त्र संकायको लागि शुल्क | रु. १५००।-(अक्षेरुपी एक हजार पाँचसय मात्र) |

**नोटः** विज्ञान तथा प्रविधि संकाय समूह (क) अन्तर्गत इन्जिनियरिङको १० वटा कार्यक्रमहरु पर्छन भने विज्ञान तथा प्रविधि संकाय समूह (ख) अन्तर्गत ३ वटा कार्यक्रम BCA , B.Sc. Environmental Management and BAIDS पर्छन । जुन कुराहरु माथि बुदा नं. २ मा छात्रवृत्ति उपलब्ध हुने कार्यकम भनेर स्पष्ट उल्लेख गरिएको छ सबै उम्मेदवारहरुले उक्त बुदालाई ध्यानपूर्वक अध्ययन गरेर छात्रवृत्तिमा आवेदन गर्न र शुल्क बुझाउन अनुरोध गरिन्छ । तोकिएको छात्रवृत्ति दस्तुर सहित बुझाएको अनलाइन दरखास्त फाराम आवेदकको कुनै पनि कमजोरीका कारणबाट अस्वीकृत हुन गएमा रकम फिर्ता हुनेछैन ।

**६.अनलाइन दरखास्त फाराम भर्ने मितिः** २०८३/०२/२६ गते मङ्गलबार देखि २०८३/०३/१४ गते आइतबार समय राति १२:०० बजेसम्म ।

**७. प्रवेशपत्र वितरणः** अनलाइन दरखास्त फाराम सदर भएका सबै उम्मेदवारहरुले अनलाइन मार्फत नै प्रवेशपत्र प्राप्त गर्ने व्यवस्था हुनेछ । अनलाइनबाट प्रवेशपत्र प्राप्त गर्ने तरिका र समय पछि अर्को सूचना मार्फत जानकारी गराइनेछ ।

८.परीक्षा हुने मितिः

(क) २०८३/०३/२० गते शनिबार विज्ञान तथा प्रविधि संकाय समूह (क) को विहान ८:०० बजेदेखि ११:०० बजेसम्म ।

(ख) २०८३/०३/२० गते शनिबार विज्ञान तथा प्रविधि संकाय समूह (ख) को दिउँसो २:०० बजेदेखि ५:०० बजेसम्म ।

(ग) २०८३/०३/२१ गते आइतबार व्यवस्थापन संकायको विहान ८:०० बजेदेखि ११:०० बजेसम्म ।

(घ) २०८३/०३/२१ गते आइतबार मानविकी तथा सामाजिक शास्त्र संकाय समूह (क), (ख) र (ग) को दिउँसो २:०० बजेदेखि ५:०० बजेसम्म ।

**९.परीक्षाको किसिमः** लिखित (वस्तुगत)

**१०.लिखित परीक्षाको समय** : तीन घण्टा

**११.परीक्षा केन्द्रः** पोखरा विश्वविद्यालय प्राज्ञिक भवन कम्प्लेक्स, कास्की ।

**१२.लिखित परीक्षा लिइने विषयहरू** :

- **विज्ञान तथा प्रविधि सङ्काय अन्तर्गत समूह "क"** का लागि आवेदन दिनेहरूले (अ) भौतिक शास्त्र-४० अङ्क, (आ) रसायन शास्त्र-४० अङ्क, (इ) गणित-४० अङ्क, ( ई) अङ्ग्रेजी-३० अङ्कको परीक्षा दिनुपर्नेछ ।

- **व्यवस्थापन सङ्काय र विज्ञान तथा प्रविधि सङ्काय अन्तर्गत समूह "ख"** का लागि आवेदन दिनेहरूले (अ) अङ्ग्रेजी-४० अङ्क (आ) क्वान्टिटेटिभ एविलिटी-४० अङ्क (इ) लजिकल रिजनिङ -४० अङ्क र (ई) जनरल अवेरनेस-३० अङ्कको परीक्षा दिनुपर्नेछ

- **मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत समूह "क"** 1. Bachelor of Development Studies (BDEVS) 2. Bachelor of Entrepreneurship Development (BED) का लागि आवेदन दिनेहरूले (अ) अङ्ग्रेजी-४० अङ्क (आ) क्वान्टिटेटिभ एविलिटी-३० अङ्क (इ) लजिकल रिजनिङ -३० अङ्क र (ई) जनरल अवेरनेस-५० अङ्कको परीक्षा दिनुपर्ने छ । **समूह "ख"** 1. Bachelor of English and Communication Studies (BECS) का लागि (अ) अङ्ग्रेजी-५० अङ्क (आ) लजिकल रिजनिङ -५० अङ्क र (ई) जनरल अवेरनेस-५० अङ्कको परीक्षा दिनुपर्नेछ । **समूह "ग"** 4. Bachelor of Arts Bachelor of Laws (B.A.LL.B) (अ) English Language Proficiency (Grammar, Vocabulary, Reading Comprehension/Passage) - ३० अङ्क, (आ) Logical Reasoning - ३० अङ्क, (इ) Basic Knowledge of Law (Constitution, Jurisprudence, Civil Law, Criminal Law, Environmental Law, Family Law etc.) - ३० अङ्क, (ई) Basic Knowledge of Liberal Arts (Sociology, Economics, Political Sciences) -३० अङ्क , (उ) General Knowledge - ३० अङ्क

**नोटः** प्रश्नपत्रहरू SLCE (Class 11 & 12) वा सो सरहको पाठ्यक्रममा आधारित हुनेछन् । छात्रवृत्ति छनौंट परीक्षा १५० पूर्णाङ्कको हुनेछ । प्रवेश परीक्षामा उत्तिर्ण हुन ३५ प्रतिशत ल्याउनुपर्नेछ । उम्मेदवारहरुले छात्रवृत्तिसम्बन्धी Notice र Instructions को राम्रो अध्ययन गर्नुपर्नेछ । उक्त Notice र Instructions **https://pu.edu.np** र **https://scholarship.pu.edu.np** मा उपलब्ध छन् ।

सम्पर्कका लागि :
पोखरा विश्वविद्यालय, केन्द्रिय कार्यालय, छात्रवृत्ति शाखा, पोखरा-३०, कास्की ।
फोन: ०६१-५०४०३९/५०४०४६

**स्नातक तह छात्रवृत्ति छनौंट समिति, २०८३**
**पोखरा विश्वविद्यालय**
**पोखरा-३०, कास्की ।**